वकालत मञ्च-नेपाल
ADVOCACY FORUM- NEPAL
*Lawyers forum for human rights and rule of law*

**प्रेस वक्तब्य**

**२६ जुन २०१८**

**यातना पीडितहरुको सहयोगार्थ अन्तर्राष्ट्रिय दिवसको सन्दर्भमा**

**काठमाडौं:** नेपालले संयुक्त राष्ट्रसंघिय यातना विरुद्धको महासन्धि पारित गरेको झण्डै तीन दशक पछि आउँदो भदौ १ गते देखि लागू हुने मुलुकी अपराध (संहिता) ऐन, २०७४ मार्फत यातनालाई अपराधिकरण गरेको छ । तर अन्तर्राष्ट्रिय मापदण्ड अनुसार यातना सम्बन्धि छुट्टै कानून भने अझै बन्न सकेको छैन । यातनाका घटनालाई अभियोजन गर्न मात्रै नभएर पीडितलाई परिपूरण उपलब्ध गराउन र यातनालाई रोकथाम गर्न छुट्टै कानूनको टड्कारो आवश्यक्ता रहेको छ ।

विगतमा विभिन्न सरकारले विभिन्न समयमा यातना सम्बन्धि छुट्टै कानून ल्याउने प्रतिवद्धता जाहेर गरे पनि हालसम्म त्यसलाई मूर्तरुप दिएको छैन । नेपाली सेनाका तत्कालिन कर्णेल कुमार लामालाई द्वन्द्वकालिन यातनाका घटनाको अभियोगमा विश्वव्यापी क्षेत्राधिकार प्रयोग गरी बेलायतमा पक्राउ गरिए पछि नेपाल सरकारले हतार हतारमा यातना सम्बन्धि विद्येयक तयार गरी सन २०१४ को सेप्टेम्बर महिनामा संसदमा छलफलका लागि प्रस्तुत गरेको थियो तर कर्णेल लामा छुटे पछि नेपाल सरकारले सो विद्येयकलाई पुन: संसदमा प्रस्तुत गरी पारित गराउन चाँसो देखाएको छैन ।

विगत १८ बर्ष देखि एड्भोकेसी फोरमले प्रहरी हिरासतहरु भ्रमण गर्ने, यातनाका घटनाहरुको अभिलेखिकरण गर्ने र कानून व्यवसायी राख्न नसक्ने थुनुवाहरुका लागि निशुल्क कानूनी सेवा प्रदान गर्दै आइरहेको छ । सन २००१ देखि सन् २०१५ सम्म एड्भोकेसी फोरमले संकलन गरेको तथ्यांकले यातना घटदो क्रममा रहेको देखाएको छ । सन् २००२ मा ५३.८% थुनुवालाई यातना हुने गरेकोमा सन् २०१५ मा आइपुग्दा यो प्रतिशत घटेर १७.२ % मा झरेको तथ्यांक देखिन्छ । तर नेपाली सेनाको कर्णेल कुमार लामा बेलायतवाट छुटेपछि नेपाल प्रहरीले हाम्रा कानून व्यवसायीहरुलाई केहि प्रहरी हिरासतहरुको भ्रमण गर्न रोक लगाएकोले सन् २०१६ पछि संकलन गरेको तथ्यांकलाई विश्वनिय तरिकाले विश्लेषण गर्न सकिएको छैन । हाल एएफले बालवालिकाहरु माथि प्रहरीवाट हुने

Head Office: Lamintang Marga -4, Baluwatar, Kathmandu, P.O. Box: 21798 Tel: 977-1-4425561/4432309 Fax: 4432309
email:info@advocacyforum.org.np, advocacyforumnepal@gmail.com, URL: http://advocacyforum.org/

गैह्रकानूनी थुना, यातना तथा दूर्व्यवहार जस्ता घटनाहरुको अभिलेखिकरण गरेको छ । सन् २०१७ मा एएफले २५० जना विभिन्न मुद्दामा परेका बालवालिकाहरुको अन्तर्वाता लिएको थियो । उक्त तथ्यांकलाई विश्लेषण गर्दा हालसम्म पनि झण्डै २०% बालवालिकाहरु माथि प्रहरीवाट यातना तथा दूर्व्यवहार हुने गरेको पाइएको छ, जुन गम्भिर बिषय हो ।

एएफले प्रहरी हिरासतहरुमा कानून व्यवसायीहरुको नियमित उपस्थिती, संवैधानिक तथा कानूनी व्यवस्थाहरुको उचित पालना भए नभएको अनुगमन, सरोकारवालाहरुसँग नियमित बैठकहरुमा तथ्यांकको जानकारी र ब्रिफिङ, यातनाका विरुद्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वकालत जस्ता कार्यहरुले यातना घटाउन महत्वपूर्ण भूमिका खेलेको भन्ने विश्वास लिएको छ । प्रहरी हिरासतहरुको स्वतन्त्र अनुगमन यातना न्यूनीकरणका लागि पहिलो शर्त हो । त्यसैले कानून व्यवसायीहरुलाई प्रहरी हिरासत भ्रमणमा लगाइएको रोक प्रती खेद प्रकट गर्दै यातना पीडितहरुको सहयोगार्थ अन्तर्राष्ट्रिय दिवसको सन्दर्भमा **एड्भोकेसी फोरम सरकारलाई निम्न सिफारिस गर्न चाहन्छ :**

- बालवालिका माथि हुने गैह्रकानूनी थुना, यातना तथा दूर्व्यवहार रोकथामका लागि बालवालिका सम्बन्धि ऐन, २०४८ र बालन्याय (कार्यविधी) नियमावली २०६३ लाई पूर्णरुपमा लागू गर्न ।
- सबै थुनुवाहरुलाई एड्भोकेसी फोरम लगायत अन्य निशुल्क कानूनी सेवा प्रदान गर्ने संघसंस्थाका कानून व्यवसायीहरुसम्म पहुँचको प्रत्याभूत गर्न ।
- नेपालको अन्तर्राष्ट्रिय दायित्वहरु प्रत्याभूत गर्ने यातना विरुद्धको विद्येयक तुरुन्त प्रस्ताव गरी पारित गर्न ।
- विश्वव्यापी आवद्यिक समिक्षामा सदस्य राष्ट्रहरुले दिएको सुझावहरु यथाशिघ्र कार्यान्वयन गर्न ।
- यातना पीडितहरुलाई आकस्मिक सहयोग र सबै प्रकृतिका मानव अधिकार हननका पीडितहरुलाई अदालतको आदेश बमोजिम तत्काल क्षतिपूर्ति उपलब्ध गराउनको लागि एउटा छुट्टै कोष खडा गरी क्षतिपूर्ति उपलब्ध गराउन ।

- यातनाको आरोप बारे अनुसन्धान र अभियोजन गर्न तथा फौजदारी अपराध संहिता अनुसार प्रभावकारी अभियोजन गर्नका साथै नेपालको सबै थुनास्थलहरुमा हुने मानव अधिकार हननका घटनाहरुको निगरानी गर्न एक स्वतन्त्र राष्ट्रिय अनुगमन संयन्त्र (National Monitoring Mechanism) को स्थापना गर्न ।
- यातना पीडितलाई आर्थिक क्षतिपूर्तिका अतिरिक्त राज्यवाट पुनर्स्थापनका साथै स्वास्थ्योपचार र मनोसामाजिक विमर्श लगायतका परिपूरणका सबै अधिकारहरु उपलब्ध गराउन ।
- प्रमाणमा आधारित अनुसन्धान पद्धतिलाई बढावा दिन यथेष्ट तालिम, स्रोतसाधन र आधुनिक उपकरणहरु सम्पन्न गराई प्रहरी प्रणालीलाई आधुनिकीकरण गर्न ।

**एएफले अन्तर्राष्ट्रिय समुदायका लागि पनि निम्न सिफारिस गर्दछ :**

- थुनुवाहरुको संवैधानिक अधिकार अन्तर्गत कानून व्यवसायी समक्ष पहुँचका लागि वकालत गर्न ।
- बालवालिका लगायतका थुनुवाहरुको अवस्था अनुगमन गर्ने कार्यलाई सहयोग गर्न ।
- राष्ट्रिय मानव अधिकार आयोग लगायत अन्य संघसंस्थाले व्यवस्थित तरिकाले प्रहरी हिरासतहरुको अनुगमन गर्ने प्रणाली स्थापनाका लागि सहयोग गर्न ।
- प्रदेश लगायतका प्रहरी संगठनको आधुनिकीकरणका लागि नेपाल सरकारलाई सहयोग गर्न ।
- यातनामा संलग्न प्रहरी वा अन्य अधिकारीहरुले विदेश भ्रमण लगायत अन्तर्राष्ट्रिय तालिम, सभा र गोष्ठिमा सहभागितामा रोक लगाउन भिसा छटनी (Visa Vetting) गर्न र यातनाका अभियुक्तहरु आफ्नो देशमा रहेको अवस्थामा विश्वव्यापी क्षेत्राधिकार अन्तर्गत अभियोजन गर्न ।

Head Office: Lamintang Marga -4, Baluwatar, Kathmandu, P.O. Box: 21798 Tel: 977-1-4425561/4432309 Fax: 4432309

email:info@advocacyforum.org.np, advocacyforumnepal@gmail.com, URL: http://advocacyforum.org/